# आँखा अस्पतालको विकाशकालागि सहयोग हुन्छ : राज्यमन्त्री चौधरी

**तुलसीपुर,**

**१२-भदौ** / श्रमराज्यमन्त्री डिल्लीबहादुर चौधरीले राप्ती आँखा अस्पतालको विकाशमा आफुले सक्दो सहयोग गर्ने बताएका छन् । नेपाल नेत्रज्योति संघ दाङले सोमवार आयोजना गरेको स्वागत सम्मान कार्यक्रममा बोल्दै उनले आफनो बाल्यकालको जिवन र अस्पतालको स्थापना संगै भएको बताए ।



चौधरीले भने ,'मेरो सामाजिक क्षेत्रमा प्रवेश र राप्ती आँखा अस्पताल संगै स्थापना भएको हो, यसै संस्थामा बसेर मैले काम गर्थे ,अस्पतालसंग मेरो पुरानो सम्वन्ध छ ।' उनले आँखा अस्पतालको भौतिक र सेवा विस्तारमा आफुले जस्तो सुकै सहयोग गर्न पनि तयार रहेको बताए । ' म फेरी मेरो पुरानो घरमा आउने मौका मिलाईदिनु भयो, यस अस्पतालको भौतिक विकाशका लागि मैले गर्नु पर्ने सहयोग सवै गर्ने छु ',चौधरीले भने ।



उनले पछिल्लो समयमा राप्तीमा आँखाको क्षेत्रमा राप्ती आँखा अस्पतालले निकै ठुलो फटको मारेका भन्दै अन्धोपन निवारणमा यसले खेलेको भुमिकाको प्रसंसा समेत गरे । उनले आँखा अस्पतालमा प्राविधिक विषयमा अध्ययन पनि सुरु भएको भन्दै यसले दक्ष जनशक्ति उत्पादन गरी अन्धोपन निवारणमा सहयोग गर्ने पनि अपेक्षा गरे । 'यसै अस्पतालको कोठामा वसेर मैले अध्ययन गर्थे ,यसको माया मलाई धेरै छ', उनले भने ।



कार्यक्रममा उनले युवाहरुलाई नेपाल सरकारले रोजगार मुलक तालिम दिई स्वदेशमै रोजगारी दिने बताए । राज्यमन्त्री चौधरीले नेपालमा रोजगार नहुदा लाखौ युवाहरु विदेश पलायन हुनुपर्ने वाध्यताको अन्त्य हुनुपर्ने बताए । 'अव नेपालमै युवाहरुले कम्तीमा २५ हजार आम्दानी गर्न सक्ने वातावरण सिंजना गर्नु पर्छ ',उनले भने ।

राज्यमन्त्री चौधरीले त्यसका लागि विभिन्न सिप मुलक तालिम, उद्योग कलकारखानको विकाश गर्न सरकार लागेको बताए । सो आवसरमा राप्ती आँखा अस्पताल रक्षाचौरका वरिष्ठ प्रशासकिय अधिकृत शम्सेर थापाले राप्ती आँखा अस्पतालले हाल सम्म प्रवाह गरेका सेवा तथा अस्पतालको माष्टर पलानको बारेका जानकारी गराएका थिए ।



नेपाल नेत्रज्योति संघ दाङका सचिव सुरेन्द्रबहादुर खड्काको अध्यक्षता तथा राज्यमन्त्री चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेत्रज्योति संघका सहसचिव चिरञ्जीवि रिजाल, सदस्य ध्रुव गौतम, कामु नेत्र अधिकृत शालिकराम गौतम लगायतले स्वागत तथा शुभकामना दिएका थिए । अस्पतालका चिफ मेडिकल डाइरेक्टर डा सुलक्ष्मी कटुवालको स्वागत मन्तव्यवाट सुरु भएको कार्यक्रमको सहजीकरण सुचना अधिकृत बालाराम खड्काले गरेका थिए ।